# प्रदेश सभा

**प्रदेश नं ४**

**दोस्रो अधिवेशन**

**(चौधौं बैठक)**

**कार्यवाहीको सम्पूर्ण विवरण**

मिति : २०७५/०२/३१ विहिवार

प्रदेश सभा प्रदेश नं ४ को दोस्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय उपसभामुख श्री श्रृजना शर्माको अध्यक्षतामा दिनको ११ बजेर ५१ मिनेटमा प्रारम्भ भयो ।

## माननीय सभामुख

माननीय सदस्यहरु, आजको बैठकको कारवाही प्रारम्भ हुन्छ ।सर्वप्रथम माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई प्रदेश कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७५ माथि दफावार छलफल गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५जेष्ठ २७ गते बसेको सभाको बैठकमा प्रस्तुत भई सभामा सामान्य छलफल समेत भएको प्रदेश कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७५ प्रदेश नं ४, प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम १ (क) बमोजिम सभामा दफावार छलफल गरियोस भनि प्रस्ताव प्रस्तुत गर्दछु ।

धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब यो प्रदेश कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७५ लाई सभामा दफावार छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ  प्रदेश कर तथा गैरकर राजश्व सम्बन्धी बिधेयक, २०७५ माथि दफावार छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतिले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब प्रदेश कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७५ माथि छलफल प्रारम्भ हुन्छ । छलफलमा बिधेयकका दफाहरु तथा अनुसाङ्गिक अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा माननीय सदस्यहरुलाई जानकारी गराउँछु ।

अब म, संशोधनकर्ता माननीय श्री हरिशरण आचार्यलाई आफनो संशोधनहरु प्रस्तुत गर्दै छलफलमा भाग लिन अनुमति दिन्छु ।समय ५ मिनेट ।

## माननीय श्री हरिशरण आचार्य

माननीय सभामुखज्यु, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङज्युले राख्नुभएको प्रदेश कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयकलाई जुन प्रस्तुत गर्नुभयो त्यो बिधेयकको बिषयमा हाम्रो दल नयाँशक्ति पार्टी नेपालको तर्फबाट मैले संशोधन प्रस्ताव पेश गरेको छु र त्यो भित्र बिशेष गरि हामी एउटा मात्रै दफा, दफा १३ उपदफा २ अन्तर्गत त्यहाँ व्यवस्था गरिएको छ कृषि आयमा कर कृषि उपजको

प्रारम्भिक रुपमा बिक्री गरेको बखत लगाइनेछ भनेर भनिएको छ र त्यस्को स्पष्टिकरणमा लेखिएको छ यस दफाको प्रयोजनको लागि कृषि उपज भन्नाले धान, गहुँ, कोदो, फापर, मकै, फलफुल, तरकारी, आलु, अण्डा, मासुजन्य पदार्थ, माछा, दुध, दलहन, तेलहन, जस्ता अन्य खाद्यवस्तु सम्झनुपर्छ भनेर भनिएको छ र त्यसको स्पष्टिकरण र त्यस्को उपदफा हेर्दाखेरि मलाई लाग्छ यसले सोलोडोलोमा सबैलाई कर लगाउने कुरा बोल्छ र साँच्चै हामी एकातिर सरकारले अनुदान दिंदै सबै बाँझो रहेका खेतबारीहरुलाई खेतीयोग्य जमिनमा बदल्ने र त्यसपछाडि कृषि आयलाई अझ वृद्धि गर्ने र यो मुलुकलाई समृद्ध बनाउने जुन सपना देखिराखेको छ त्यो सपनालाई यसले कुठाराघात गरेको छ ।मैले अनुभुत गरिराखेको छु यो हेर्दाखेरि सरकारको एकातिरको योजना अर्कोतिर यसले फेरि अन्तरबिरोधी जस्तो बनिराखेको छ । साँच्चै कि यसलाई कि हामीले चाहिं १० लाख १५ लाख २० लाख के भन्नुपर्ने हो हामी साँच्चै त्यसमा चाहिं एउटा संशोधनको हिसाबले मैले अनुभुत गरिराखेको छु र कम्तिमा त्यसलाई के भन्न जरुरी छ भने गैर व्यवसायिक, निर्वाहमुखी र साना किसानले उत्पादन गरि बिक्री वितरण गर्ने कृषि उपजमा कर लागाइने छैन भन्नेकुरा संशोधन मैले दर्ज गर्न चाहन्छु । बिशेष गरि यो हामीले जो किसानहरु छन् एउटा फर्सीको मुन्टा कसैले लगायो एउटा मुठा बेच्यो भने पनि उस्ले कर तिर्नुपर्छ अहिले यो सोलोडोलो यहि हिसाबले हामीले हेर्ने हो भने यदि यसलाई हामीले संशोधन गरियो भने मात्रै १० लाख हो ५ लाख हो २ लाख हो कति हो साना किसानहरुले कर तिर्न नपर्ने उसको आम्दानी स्रोत त्यो आम्दानीको स्रोत भित्र रहेर उसले व्यवसाय गर्दाखेरि अथवा व्यापार गर्दाखेरि उसले कर तिर्न नपर्ने उ एउटा चाहिं पवर्द्धित किसान भित्र पर्ने खालको एउटा वातावरण हामीले निर्माण गर्न सक्नुपर्छ राज्य त्यतातिर अगाडि बढोस् र आर्थिक विकास र समृद्धिका निमित्त प्रतिबद्ध बनोस् म हार्दिक आग्रह गर्न चाहन्छु ।धन्यवाद ।

## माननीय सभामुख

उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरुले आफनो नाम सजिलोको लागि सभामुखको ड्यास सँगै बसेका सहयोगी कर्मचारीहरुलाई उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । उक्त छलफलमा बोल्न चाहनुहुने माननीय सदस्यहरुको लागि ५ मिनेटको समय निर्धारण गरेको छु ।निर्धारित समय भित्र माननीय सदस्यहरुले आफनो भनाई राखि

सक्नुपर्नेछ । सर्वप्रथम माननीय सदस्य श्री मिन प्रसाद गुरुङलाई बोल्न समय दिन्छु ।

## माननीय सदस्य श्री मिन प्रसाद गुरुङ

सभामुख महोदय, प्रदेश कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७५ को यो दफावार छलफलमा हामी सहभागी भैरहेका छौं ।सभामुख महोदय, स्वभाविक रुपमा कुनैपनि राज्य सञ्चालन गर्नका लागि पहिलो त्यो देश, राज्यको या प्रदेशको आम्दानीको स्रोत भनेको कर नै हो त्यसोभको हुनाले प्रदेश कर या गैरकरको कुराहरु हामी यहाँ छलफलमा बिधेयक प्रस्तुत भैरहँदा र हामी यहाँ सहभागी भैरहँदा खेरिपनि यो ज्यादै महत्वको बिषय हो र गम्भिर र त्यतिकै संवेदनशिल बिषय भएको हुनाले स्वभाविक रुपमा कुनैपनि राज्य, प्रदेशको यसको एउटा मापन त्यो राज्य त्यो प्रदेश कति क्षमतावान छ र त्यो प्रदेश कति विकसित छ भन्ने त्यहाँको कर प्रयोग, करको उठानी वा त्यसको खर्च अर्थात यो बजेट प्रस्तुत गरिरहँदाखेरि करले त्यस्को प्रतिशत कति धान्छ अर्थात कर र गैरकरले त्यो बजेटको प्रभाव वा त्यस्को कति प्रतिशत त्यसको प्रभाव गर्छ त्यो कुराले आकलन गरेर स्वभाविक रुपमा त्यो प्रदेशको एउटा क्षमता विकसित प्रदेश या त्यसको सुचकांक प्रस्तुत गर्ने भएको हुनाले अहिले हामीहरु यो संघीयताको पहिलो अभ्यासमा भैरहँदाखेरि स्वभाविक रुपमा कतिपय कुराहरु, करका दायराका कुराहरु, करका उठाउने त्यसको क्षेत्राधिकारका कुराहरु पनि हामी बिचमा एउटा संक्रमणकालिन व्यवस्था रहिरहेको स्थितिमा पनि हामीहरु त्यसबाट पनि संयमित हुँदै र त्यसलाई व्यवस्थापन गर्दै त्यसलाई अझ फराकिलो र अझ व्यवस्थित गर्ने क्रमबाट यो बिधेयक आएको हुनाले मलाई लाग्छ यसमा धेरै टिका टिप्पणी गरिरहनु अहिले हामीहरुले मलाई लाग्छ त्यो सान्दर्भिक हुनेछैन । हामी अहिले संबिधान त हामी परिवर्तन गर्न सक्छौं भनेपछि भोलिका दिनहरुमा हाम्रा अनुभवहरुले हाम्रा यि चाहिं उत्पादनका क्षेत्रहरुदेखि लिएर विभिन्न शीर्षकहरुमा हामीहरुले अहिले जसरि व्यवसायिक, पर्यटन,उद्योग, कलकारखाना देखि लिएर इभन कृषिका कुराहरुमा पनि हामीले त्यसलाई संयोजन गर्ने र कसरि यो चाहिनि प्रदेशलाई सक्षम बनाएर आन्तरिक स्रोत साधनले परिपूर्ति गर्ने या बलियो बनाउने र भोलि चाहिने जनताका अपेक्षाहरुलाई यहाँका पूर्वाधारहरुलाई अर्थात हामीहरुले जुन नीति कार्यक्रम र सरकारले बोलेका उद्घोष गरेका कुराहरुलाई संबोधन गर्न हामी कति सक्षम हुन्छौं भन्ने र त्यल्लाई व्यवस्थित गर्ने कुराहरुमा नै केन्द्रित भएर

त्यसलाई व्यवस्थापन गर्न खोजिएको छ । त्यसो भएको हुनाले हुनत हामीहरु यो क्रममा गरिरहँदाखेरि कहिलेकाहिं हामीलाई अनौठो पनि लाग्छ विद्वान मित्रहरुले हामीहरु काँक्रा फल्छ भनेर थाँक्रा हाल्ने कुरामा पनि अवरोध गर्ने प्रयत्न पनि हामी देखिराखेका छौं र हामीले अनुभव गरिरहेका छौं र यो विधिको शासन प्रजातन्त्र भनेको विधिको शासन हो स्वभाविक रुपले विधिको प्रक्रियाबाट आउनुपर्ने र यो प्रदेश कर स्वभाविक रुपले त्यसमा अहिले पनि एउटा जटिल अवस्था छ हामी भोलि मात्र चाहिने हामीहरु बजेट चाहिने हामी प्रस्तुत गर्दैछौं । निश्चित करका दायराहरु आउन सक्लान र कतिपय कुराहरुमा जहाँ चाहिं के त भन्दा यो करले नबोलेका कुराहरु यो बिधेयक पास नभइरहेको स्थितिमा कुनै एउटा उद्योगीले कुनै एउटा उत्पादनकर्ताले त्यसमा कुनै जिकिर गरेर अदालतमा गयो भने त्यस्को जवाफदेहिता को हुने यो किसिमको गम्भिर प्रश्न यो किसिमको गम्भिर अवस्था भएको हुनाले स्वभाविक रुपले यो आज हामीहरुले यसलाई बैधानिक रुपले पास गर्नुपर्ने आवश्यकता छ म यो यहाँहरु सँग निवेदन गर्दै म पूर्ण यसको समर्थन गर्दै आफनो भनाई अन्त्य गर्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री मेखलाल श्रेष्ठलाई बोल्न समय दिन्छु । समय ५ मिनेट ।

## माननीय श्री मेखलाल श्रेष्ठ

माननीय सभामुख महोदय, प्रदेश कर तथा गैरकर राजश्व लगाउने  उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक माथि हामी दफावार छलफलमा छौं । हामी यो धेरै संघर्ष पछि लोकतन्त्र प्राप्ति गरेका छौं र संघीयता कार्यान्वयनमा ल्याएका छौं । धेरै ठाउँबाट यो संघीयता माथि प्रहार भैरहेको छ त्यसको पहिलो उदाहरण यो प्रदेश ४ को सरकारलाई संघको सरकारले दिएको अनुदानबाट देख्न सकिन्छ । त्यस्को लागि यो प्रदेश सरकारको सामुन्ने एउटा चुनौति खडा भएको छ त्यो चुनौति भनेको कसरि यो प्रदेशलाई सक्षम र यो प्रदेशको जनताहरुलाई विकासको अनुभुति दिलाउनको लागि करहरु उठाउन जरुरी छ । जुन प्रदेश सक्षम हुँदैन जुन प्रदेशले आफनै कमाई गर्दैन त्यो प्रदेश कहिल्यै पनि सस्टेन भएर अगाडि जान सक्दैन र त्यहाँका प्रदेशका जनताहरुलाई खुशी तुल्याउन सक्दैन भन्ने एउटा मान्यता छँदैछ । यसको लागि प्रदेश सरकारले केहि कुराहरुमा विचार गर्न जरुरी मैले देख्दछु त्यो कुरा के हो भन्दा

हामीले कर उठाउँदाखेरि करै उठाउन नहुने करै लगाउन नहुने भन्ने म छैन किनभने मेरो पृष्ठभूमी व्यापारी भएको हुनाले र यो बिषयमा म के भन्न चाहन्छु भने कर उठाउनु पर्छ कर उठाउँदा करको दायरालाई फराकिलो गर्नुपर्दछ र त्यो जनताले कर तिर्नलाई तिरम तिरम जस्तो खालको मनस्थिति बनाएर सरकारले त्यसलाई घनिभुत रुपमा छलफल गरेर तल देखि माथि सम्मनका सबै चिजहरुमा सबै प्रकारका करयोग्य चिजहरुमा कर लगाउन जरुरी छ तथापि कर लगाउँदै गर्दा नेपाल जस्तो एउटा गरिब मुलुक अहिले बल्ल पाइला टेक्न लागेको समयमा लगाउन नहुने करहरुमा कर नलगाउने वस्तुमा होइन व्यक्तिमा जस्तै अहिले आयो कृषिको कुरा कृषिमा गाउँमा एउटा कुखुरा पाल्छ र कुखुराले पाएको अण्डा बजारमा लगेर बेच्छ त्यसलाई कर लगाउने होइन तर त्यहि कुखुरा व्यवसायिक रुपमा जस्ले पाल्छ त्यसलाई बढि भन्दा बढि कर लगाएर सरकारले राजश्व उठाउनु पर्छ त्यहि भएको कारणले मैले यहाँ घरभाडाको कुरा छ, पर्यटनको कुरा छ विभिन्न आयआर्जनबाट करको दायरालाई फराकिलो बनाएर यो प्रदेशलाई अझै सक्षम बनाउनको लागि पारदर्शी रुपमा त्यसलाई करको हिसाबलाई लगाइयोस् र त्यसलाई पारदर्शी रुपमा उठाएर यो प्रदेशलाई सक्षम बनाउन यो प्रदेश सरकार सक्षम हुनेछ र गरिब जनताहरुलाई उत्थान गर्ने कुरामा पनि यो प्रदेश सरकारले सोचेर जस्ले कर तिर्न सक्दैन जसलाई सरकारले अनुदान दिन पर्छ त्यो करदातालाई छुट दिइयोस् अनुदान दिइयोस जस्ले यो सरकारबाट फाइदा लिएर उल्ले नाफामुखि व्यवसाय गरेको छ त्यसमा सबै हिसाबले चाहे त्यो घरभाडा होस चाहे त्यो कृषि उपज होस सबैमा सरकारले एउटा नीति र नियम बनाएर यो सरकार प्रदेश सरकार सक्षम हुने हिसाबले प्रदेश सरकार टिकाउने गरेर पारदर्शी रुपमा वृहत रुपमा करको दायरा बढाएर रेट बढाएर हैन दायरा बढाएर कर तिर्ने एउटा बानी बसालौं र कर तिरेर नै हामी नेपाली जनता नेपाली जनताको इज्जत बढ्छ कर लुकाएर हैन भन्ने एउटा भावना जागृत गराउनको लागि यो सरकार अवश्य पनि अगाडि बढ्नेछ र प्रदेशका जनताहरुको उत्थानको लागि र गरिब किसान वर्गहरुलाई यो सरकारले महत्वका साथ राखेर ती करहरुमा छुटको व्यवस्था पनि गर्नेछ भन्ने मलाई पूर्ण विश्वासका साथ यो दहत्तर बहत्तरको बिषयमा म केहि एक शब्द बोल्न चाहन्छु सभामुख महोदय, यसमा दहत्तर बहत्तरको कुरा आएको छ त्यसमा स्थानीय सरकारले करहरु उठाउने कुरा त छँदैछ त्यसमा प्रदेश सरकारले यसलाई अझै कडाई गरेर विभिन्न एउटा योजनाहरु बनाएर यसबाट नै सबभन्दा बढि कर

**(माननीय सदस्य समय सकियो)**

उठाउन सकिने मैले  यो प्रदेशमा देखेको हुनाले यो सरकारको ध्यान त्यतातिर जाओस र यो प्रदेशलाई स्थायित्व बनाउनको लागि यसलाई अगाडि बढ्न सक्छ भन्ने शुभकामना व्यक्त गर्दै

**(माननीय सदस्य)**

विदा हुन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री चन्द्र बहादुर बुढालाई बोल्न समय दिन्छु । समय ५ मिनेट ।

## माननीय श्री चन्द्र बहादुर बुढा

माननीय सभामुख महोदय,  अर्थमन्त्री द्वारा प्रस्तुत यो बिधेयक माथि हामी जो छलफल चलाइ राखेका छौं । बिशेष यो कर सम्बन्धी व्यवस्था यो कर र गैरकर राजश्व सम्बन्धी व्यवस्था यो महत्वपूर्ण बिषय हो जस्तो लाग्छ सायद सबैले हामीले त्यसरि नै बुझेका छौं र हामी अहिले प्रारम्भिक चरणमा संघीयताको एउटा प्रक्रियालाई सँगै अगाडि बढ्दैछौं र संघियताको प्रारम्भिक चरणमा हामीले प्रदेश सरकारलाई कसरि व्यवस्थित गर्न सक्छौं भन्नेकुरा एउटा अन्तर सम्बन्धित हुने गर्छ सायद यो करको व्यवस्थामा सायद त्यहाँ समेटिएको छ जस्तो लाग्छ र त्यसो भनिरहँदा फेरि हामीले कर प्रदेशलाई प्रदेश सरकारलाई अथवा स्थानीय सरकारलाई कसरि व्यवस्थित गर्न सक्छौं त भन्नेकुरा त्यहाँको स्रोत साधन के हो त त्यल्लाई कसरि व्यवस्थित गर्न सक्छौं भन्नेकुरा मेन पक्ष हो हामीले समृद्धि विकासको कुराहरु गरिराखेका छौं त्यहाँ अन्तरसम्बन्धित हुन्छ । त्यसो गर्दा राज्यले अब करको दायरालाई कसरि व्यवस्थित गर्न सक्छ भन्नेकुरा यद्यपि केहि चुनौतिहरु छन हामीले विगतको नजिरलाई हेर्‍यौं भने केहि नीतिगत समस्याहरु छन, केहि व्यवहारिक समस्याहरु छन त्यहाँ भित्रपनि कहिं न कहिं राज्य गलत प्रवृतिबाट प्रभावित हुने ट्रेन पनि छ अब यसको अन्त गर्न जरुरी । छ पहिलो कुरा यहाँ अन्त गर्न जरुरी छ र त्यहि स्पिरिटका साथ अहिले यो

व्यवस्था गर्न खोजिएको छ । यो बिधेयक आएको छ म यसको समर्थन गर्न चाहन्छु र अर्थमन्त्रीलाई बिशेष धन्यवाद पनि दिन चाहन्छु र यसको साथसाथै हामीले करको दायरालाई फराकिलो बनाइरहँदाखेरि अब हामीले यसको सर्भिस के हो त भन्ने त्यो हेर्न चाहिराछ जनताले जनतालाई सर्भिस हामीले के दिन सक्छौं करको दायरा भित्र त लिने कुरा यो निश्चित अनिवार्य शर्त हो जस्तो लाग्छ तर सर्भिस के हो भन्ने कुरा यसो गर्दाखेरि हामीले कैयौं चुहावटका समस्याहरु छन् त्यो अनुभुति जनताले गरिराख्या छ देखिराख्या छ तर त्यल्लाई फेरि कानुनी दायरामा ल्याउने कुरामा मैले अघि पनि भने हामी कहि न कहिं कतै चुक्नुहुन्न यसको अन्त्य गर्नुपर्छ त्यसो गरेर गयौं भने सायद हामीले प्रदेश प्रतिको हाम्रो बुझाई, संघीयता प्रतिको हाम्रो बुझाई र हाम्रो परिकल्पना जो छ यसलाई हामीले अगाडि बढाउन सक्छौं र त्यसो भएको हुनाले यो कर सम्बन्धी यो गैर कर सम्बन्धी जो व्यवस्था गर्न बनेको बिधेयक छ यसप्रति म समर्थन जनाउँदै यल्लाई चाहिं कार्यान्वयनको सन्दर्भमा अगाडि बढाउन सबै हामी केन्द्रित हुनेछौं यो अपिल गर्दै विदा हुन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री कृष्ण थापालाई बोल्न समय दिन्छु । समय ५ मिनेट ।

## माननीय श्री कृष्ण थापा

माननीय सभामुख महोदय, आर्थिक मन्त्रि द्वारा प्रदेश कर तथा गैर राजश्व लगाउने र उठाउने कर सम्बन्धमा हामी छलफल गर्न गइरहेका छौं । यसमा राज्यले आफनो राज्य सञ्चालनको लागि विविध किसिमले कर लगाउने र उठाउने कुरालाई म समर्थन गर्न चाहन्छु तर यो प्रस्तावित कर मध्ये दफा १३ मा जुन कृषि आय कर भनेर एउटा व्यवस्था गरिएको छ र यसका १-२-३ वटा तिनटा स्पष्टिकरण सहितका वुँदाहरु कायम गरिएको छ । निश्चित रुपमा यसले किसानहरुको जुन उत्पादित वस्तुहरुमा कर लगाउने व्यवस्था गरेको छ यसले वास्तवमा किसानहरुको हक र हितलाई संरक्षण गर्न सक्दैन । हामीले देखिरहेका छौं र हामीले सुनिरहेका छौं, आज किसानको बस्ती एकातिर उत्पादनविहिन बनेको छ अर्कोतिर जुन उत्पादित वस्तुहरु छन सामान्य कुरा दुध भनौं उल्ले मुल्य नपाएर सडकमा फ्यांकिरहेका कैयौं ताजा उदाहरणहरु छन । त्यसमा पनि तिनै वस्तुहरुमा जुन किसिमले हामीले करको

दायरा कायम गरेर दर लागउने किसिमको एउटा नीति बनाउँछौं वास्तवमा कम्युनिष्टहरुको लागि यो सरकारको लागि यो शोभनिय होइन त्यसकारण यो दफा कायम गर्नु हुन्न यहि कुरा अभिव्यक्त गर्दै म आफनो भनाई टुङ्ग्याउँछु ।

## माननीय सभामुख

माननीय श्री विन्दु कुमार थापालाई बोल्न समय दिन्छु । समय ५ मिनेट ।

## माननीय श्री विन्दु कुमार थापा

सभामुख महोदय, आज हामी प्रदेश कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक उपर छलफल गरिराखेका छौं ।यो ४ नं प्रदेशमा यो यल्ले चाहिं विकास निर्माण र समृद्धिलाई यसले महत्वपूर्ण भुमिका राखेको हुन्छ । यो कर लगाउने सम्बन्धमा यल्लाई चाहिं हामीले अलिकति पारदर्शी रुपबाट हामी अगाडि बढ्नुपर्छ र यो बिशेष गरेर अहिलेसम्म नेपालको ट्रेन हेर्दाखेरि जनताहरुले रगत पसिना गरेर ट्याक्सको रुपमा असुल गर्ने त्यल्लाई चाहिं भ्रष्टाचारको माध्यमबाट त्यो चाहिं दुरुपयोग हुने करको दुरुपयोग भइराखेको अवस्था छ । यल्लाई हामीले कसरि कस्तो संयन्त्र बनाएर यल्लाई चाहिं हामीले चाहिं अनुगमन र नियन्त्रण गर्न सक्छौं त्यसमा भर पर्छ जस्तो मलाई लाग्छ र अर्को कुरा यो कर हामीले उठाइरहँदाखेरि जनताहरुबाट यो रगत पसिना गरेर उठाएको जुन कर छ, यो करको चाहिं सदुपयोग हुन्छ । यसको दुरुपयोग हुँदैन भन्ने कुराको ग्यारेन्टी यो प्रदेश सरकारले दिनुपर्छ जस्तो मलाई लाग्छ र अर्को कुरा अब यो संघीय सरकारबाट यो ४ नं प्रदेशलाई यो हामी चाहिं फेरि धेरै हिसाबले यो सम्भावनै सम्भावना बोकेको प्रदेश पनि भनिराखेका छौं तर १ नं प्रदेशलाई सबभन्दा धेरै १९ अर्बको अनुदान दिएको अवस्था छ भने यो ४ नं प्रदेशलाई सबभन्दा थोरै १३ अर्ब मात्रै दिएको अवस्था छ र यो आन्तरिक ऋण उठाउन पनि अहिलेको वर्तमान परिप्रेक्षमा नपाउने किसिमको परिपाटी देखिएको हिसाबले अब विकास निर्माण पनि गर्नुपर्ने छ । अब यो खाडललाई परिपूर्ति गर्नको लागि अब ट्याक्स धेरै भन्दा धेरै ट्याक्स उठाउँदाखेरि  जनताहरु चाहिं मारमा पर्ने हुन कि भन्ने तर्फ हाम्रो अलिकति ध्यान आकृष्ट भएको छ यतातर्फ पनि सरकारले अरु अन्य विकल्पहरु अरु अन्य तरिकाबाट स्रोत साधन जुटाएर ट्याक्समा मात्रै भर नपरिकन अरु अन्य विकल्पहरुलाई पनि खुल्ला

राखेर जानुपर्छ जस्तो मलाई लाग्छ र यो ट्याक्स चाहिं उद्योगी व्यवसायी मैत्री ट्याक्स हुनुपर्छ जसले गर्दाखेरि जसले ट्याक्स क्लियरको चाहिं सम्मान होस उल्लाई चाहिं गर्व लागोस मैले ट्याक्स तिरें म ट्याक्स पेयर हुं नेपाल सरकारलाई अथवा ४ नं प्रदेश सरकारलाई मैले ट्याक्स तिऱ्या छु भनेपछि उसले गर्वको अनुभुति गरोस त्यो खालको र स्वत स्फूर्त रुपमा कर तिर्ने किसिमको वातावरण बनाउनु पर्छ त्यो खालको सरकारले चाहिं नीति नियमहरु बनाउनु पर्छ जस्तो मलाई लाग्छ । यिनै कुराहरु राखेर मेरा आफना भनाई टुङ्ग्याउँछु।

धन्यवाद ।जय नेपाल ।

## माननीय सभामुख

माननीय श्री डोबाटे विश्वकर्मालाई बोल्न समय दिन्छु । समय ५ मिनेट ।

## माननीय श्री डोबाटे विश्वकर्मा

सभामुख महोदय, प्रदेश कर तथा गैरकर राजश्व लगाउने उठाउने सम्बन्धमा व्यवस्था गर्ने बिधेयकको सम्बन्धमा हामी छलफलमा उपस्थित भैरहेका छौं ।निश्चयपनि हाम्रो यो प्रदेशको विकास निर्माण उन्नति प्रगतिको लागि हामीले करको दायरामा ल्याउनु हाम्रो कर्तव्य पनि हो तथापी त्यति हुँदाहुँदै पनि मैले पनि यहाँ राख्न चाहें । जुन हामीले कृषकहरुलाई अनुदान र सहुलियत व्याजमा ऋण दिने कृषकहरुलाई प्रोत्साहन गर्ने भनेर हामीले जतिखेर पनि कुराहरु उठाइराखेका छौं त्यसकारणले यो कृषिमा लगाउने करहरुलाई चाहिं पुनर्विचार गर्नुपर्छ भन्ने मलाई लाग्दछ किनभने कृषकहरुलाई हामीले अहिले हाम्रा कृषकहरु अहिले जग्गाहरु बाँझो रहेको र कृषकहरुले वास्तवमा कृषिमा अहिलेपनि काम नगरिरहेको अवस्थामा कृषिमा कर लगाइयो भने अझै मान्छेलाई प्रोत्साहन हुँदैन कि जस्तो लाग्छ त्यसकारणले गर्दाखेरिमा यसको निम्ति पनि पुनर्विचार गर्नुपर्छ भन्ने मलाई लाग्दछ । जबसम्म हामीले करको दायरालाई फराकिलो गर्नको निम्ति उद्योग दर्ता गर्दा लाग्ने शुल्कहरुलाई पनि विचार गरेर सबैलाई उद्योग सञ्चालन गर्नेलाई करको दायरामा ल्याउन सक्यौं र त्यल्लाई अलिकति सहुलियत तरिकाले हामीले उद्योग दर्ता गर्ने र शुल्क लगाउने वातावरण सिर्जना गर्न सक्यौं भने सहज हुन्छ जस्तो लाग्छ र अर्को उद्योगीहरुको चाहिं

वर्गिकरण गर्नुपर्छ जस्तो लाग्छ क,ख,ग गरेर हामीले वर्गिकरण गर्न सक्यौं भने बल्ल सबै मान्छेहरु एउटा उद्योग सञ्चालन गर्न दर्ता गर्नलाई प्रोत्साहित हुन्छन जस्तो लाग्छ यो कुरामा पनि हामीले सोच्नुपर्छ भन्ने मलाई लाग्दछ अर्को यहाँ एउटा कुरा मैले राख्न चाहें यो कर्मचारीहरुलाई विभागिय कारवाहीहरु त्यहाँ गल्ति गर्‍यो भने यस्तो गर्नी उस्तो गर्नी भनेर थुप्रै कुराहरु लेखियाछ तर त्यहाँको मुख्य प्रमुखलाई चाहिं कुनै कुराको दायराले छोएको रैनछ कारवाही गर्ने जुन विभागको प्रमुखले नै गल्ति गर्‍यो भने त्यल्लाई कारवाही गर्ने भन्ने कुनै कतै त्यहाँ अब सम्बोधन भएको देखिएन त्यल्ले गर्दाखेरिमा त्यो पनि कुराहरुमा थोरै जोड्न पर्छ कि भन्ने मलाई लाग्दछ अर्को कर नतिर्नेलाई नतिर्नेलाई लिलाम सम्म घर सम्पति सम्म लिलाम गर्ने भन्नेखालको पनि यहाँ यो उस्मा रैछ वुँदामा र वास्तवमा यो करै छलेर बदमासी गर्नेलाई त त्यो कुराले स्वभाविक होला तर उद्योग सञ्चालन गर्दा विभिन्न कारणले चाहिं उद्योग पनि टाट पर्ने फेरि घर सम्पत्ति नै जम्मै लिलाम गर्‍यो भने त्यस्को अवस्था के होला त्यस्ले गर्दाखेरिमा त्यस्को निम्ति पनि अलिकति सोच्न पर्ने होकि त्यस्को लागि के हैन त्यसको मापदण्ड के हो त्यसलाई पनि विचार गर्नुपर्दछ भन्ने लाग्दछ र अर्को जुन अनियमित तरिकाबाट सञ्चालन भएका उद्योगहरु छन अहिले पनि हाम्रो यहाँ थुप्रै अस्तिको कान्तिपुरमा पनि आथ्यो अहिले हाम्रो तनहुँकै कुरा गर्ने हो भने १२-१५ वटा क्रसर उद्योगहरु अनियमित ढंगबाट चल्याछन् त्यहाँ प्रशासन जान्छ एकफेर अनुगमन गर्‍यो कुनै पनि त्यहाँ अनुगमन त्यसको प्रतिवेदन पनि आउदैन त्यसलाई कारवाहीको दायरामा नल्याएको अवस्था रैछन त्यसकारणले गर्दा यसको निम्ति पनि हामीले कमसेकम दायरामा ल्याउन उनीहरुलाई त्यस्को चाहिं एउटा कारवाहीको भागेदारिमा बनाउन सकियो भने बल्ल त्यसको त्यसले एउटा हामीले करको दायराले गति लिन सक्छ भन्ने मलाई लाग्दछ र अनियमित ढंगबाट जुन गरेका छन उद्योगहरु यि उद्योगहरुलाई पनि करको दायरा र नियम भित्र ल्यायौं भने हामीले बढि भन्दा बढि करलाई थोरै र जनतालाई उद्योगधन्दा र करको दायरामा ल्याउन सक्यौं भने हामीले चाहे जस्तो खालको चाहिं राजश्व उठाउन सक्छौं र हामीले प्रदेशको उन्नती र प्रगति हुनेछ भन्ने मलाई लाग्दछ । यिनै कुराहरु निवेदन गरे । धन्यवाद । जयनेपाल ।

**माननीय सभामुख**

अब माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई छलफलमा उठेका प्रश्नहरुको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ

माननीय सभामुख महोदय, माननीय सभामुख महोदय मार्फत छलफलमा उठेका केहि सवालहरु सँग सम्बन्धित भएर मैले आफना भनाई राख्न गैरहेको छु र खास गरेर संघीय कानुनले प्रदेश सभामा आषाढ १ गते प्रदेश सरकारले बजेट पेश गर्नुपर्ने व्यवस्था गरेको छ । असार १ भोलि आउँदै छ र भोलि हामी यो सम्मानित प्रदेश सभामा प्रदेश सरकारको तर्फबाट बजेट प्रस्तुत गर्दैछौं र त्यो सँग सम्बन्धित भएर अहिले यो कर तथा गैर कर प्रदेशको कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा बनेको यो बिधेयक हो यो आज हामीले पारित गर्नुपर्नेछ र यहाँहरुलाई भनिरहनु पर्दैन माननीय सदस्यहरुलाई भनिरहनुपर्दैन । बजेट भनेकै राजश्व संकलन हो । राजश्व संकलन हुँदैन भने हामीले विनियोजन गर्न सक्दैनौ । त्यसैले मुल आधार भनेकै राजश्व संकलन हो र यहि राजश्व संकलन गर्नका निम्ति यो बिधेयक यहाँ प्रस्तुत गरिएको हो । धेरै माननीय सदस्यहरुले भन्नुभको छ कि करको दायरालाई फराकिलो बनाउनुपर्छ र प्रदेश सरकार यो भनाई प्रति समर्थन जनाउँछ र हामी त्यहि गर्न गैरहेका छौं । के हामीले कर तिर्नेहरुलाई गर्व हुने ढंगले नै हामीले कर लगाउने हो राजश्व संकलन गर्ने हो र संबिधानले सबै क्षेत्र जहाँ उत्पादन र उत्पादकत्व सँग सम्बन्धित भएर बिक्री वितरण हुन्छ र त्यसबाट आम्दानी हुन्छ भने त्यो क्षेत्रमा क्षेत्रलाई करको दायरा भित्र ल्याइनु पर्छ र अहिले हामीसँग भएको जुन क्षेत्रहरु छन् हाम्रो अर्थतन्त्र अन्तरगत यो प्रदेशको अर्थतन्त्र अन्तरगत योगदान गर्ने ति क्षेत्रहरुको पहिचान गरेर र अहिले संबिधानमा जुन व्यवस्था भएको छ कृषि क्षेत्रमा पनि कृषि आयमा पनि कर लगाउन सक्ने यो फेरि प्रदेशको एकमात्रै एकलौटी अधिकार सुचि हो । प्रदेश सरकारले उठाउन सक्ने यहि क्षेत्र मात्रै हो र त्यसैले हामीले अब यस क्षेत्रलाई पनि करको दायरामा ल्याउनु पर्छ भनेर र यो ऐन हामीले अगाडी ल्याएका छौं । यहाँहरुलाई स्मरण गराईरहन पर्दैन समृद्धि भनेकै राजश्व संकलन कति हुन्छ भन्ने नै हो । तपाईं अमेरिकाको बजेट अमेरिकालाई समृद्ध मुलुक भनेर हामीले किन भन्छौं चीनलाई किन भन्छौ भारतलाई किन भन्छौ अरुलाई किन भन्छौं त भन्दाखेरि त्यहाँ समृद्धिको आधार भन्नु नै बजेटको आधार भन्नु नै त्यसको आकार भन्नु नै त्यो ठाउँमा आर्थिक गतिविधि

कसरि अगाडि बढ्छ र त्यसबाट राजश्व संकलन कस्तो हुन्छ भन्नेबाट नै निर्धारण हुन्छ ।त्यसैले हामी त्यहि बाटो अगाडि बढ्न चाहिरहेका छौं र अहिले पारदर्शिता हुनुपर्छ भन्ने कुरालाई पनि अब त्यो हामीले पारदर्शिता हुनुपर्छ राजश्व चुहावट हुनुहुँदैन भन्ने कुरामा सहमत जनाउँदै र खास गरेर अहिले माननीय हरिशरण आचार्यले एउटा संशोधन पेश गर्नुभएको छ र संशोधनमा उहाँले भन्नुभएको छ गैरव्यवसायिक, निर्वाहमुखि र साना किसानले उत्पादन गरि बिक्री वितरण गर्ने कृषि उपजमा कर लगाइने छैन र अहिले यो जुन बिधेयक छ र यो बिधेयकको दफा १३ धारा १३ कृषि आयमा कर भन्ने जुन व्यवस्था गरिएको छ र यो उपधारा १ मा प्रदेशले आफनो क्षेत्र भित्रको कृषि आयमा कर लगाइने छ भनेर लेखिएको छ । यो किसानमा होइन कुनै कृषि उपजमा पनि होइन किसानमा पनि होइन यो कृषि आयमा हो कर लगाउने हामी प्रष्ट हुन जरुरी छ कुनै किसानमा यो कर लाग्दैन किसान बने वापत कर लाग्दैन अर्थात कुनै कृषि बाली उपज उत्पादन गर्दैमा पनि यो कर लाग्दैन । यो आयमा लाग्ने हो आम्दानीमा लाग्ने हो र उपधारा २ मा कृषि आयमा कर कृषि उपजको प्रारम्भिक रुपमा बिक्री गरेको बखत लगाइने छ । यसको अर्थ के हो भने जुन कृषि आय हुन्छ आम्दानी हुन्छ त्यो आम्दानीको कुन चरणमा लाग्ने हो भन्दा यो पहिलो चरणमा लाग्ने हो जब उत्पादन हुन्छ उत्पादन भएपछि त्यो प्रारम्भिक जुन उपज हुन्छ त्यो उपज बिक्री गरेको बखत लाग्छ भनेर भनिन्छ । भोलि गएर चाहिं त्यो चक्लेट बनाएर चक्लेट बनाएपछि लाग्ने भन्ने होइन बिस्कुट बनाएपछि लाग्ने भन्ने होइन त्यो त कृषि उपजबाट नै बन्छ ।त्यसोभएर त्यो जुन उपज हो त्यो उपज बिक्री गर्ने कुरामा यल्लाई चाहिं इङ्गित गर्न खोजिएको हो त्यसैले यहाँ स्पष्टिकरणमा पनि के लेखिएको छ भने यस दफाको प्रयोजनको लागि कृषि उपज भन्नाले अब कृषि उपज भनेको के हो यो चाहिं एउटा परिभाषा मात्रै हो । कृषि उपज भन्नाले धान, गहुँ, कोदो, फापर, मकै, तरकारी, आलु, अन्डा, मासुजन्य पदार्थ, माछा, दुध, दलहन, तेलहन जस्ता अन्य खाद्य वस्तु सम्झनुपर्छ भनेर भनिएको छ । यो उपज भनेको के हो भनेर यल्लाई परिभाषित मात्रै गरिएको हो । यो उपजमा फेरि कर लगाउने भन्ने कुरा होइन । त्यसैले यहाँ यो कृषि आयमा भन्नाले हामीले कृषि उत्पादन गरिसकेपछि हामीले कति आय प्राप्त गर्छौं त्यो आयको निश्चित एउटा दर कायम गरेर त्यसमा कर लगाउनु पर्छ भनेर भन्न खोजिएको मात्रै हो र त्यो करको दररेट बजेट प्रस्तुत हुँदा त्यो आर्थिक बिधेयक सँगै त्यो दररेट पनि आउने छ र त्यसमा तपाईंहरुलाई म यो सम्मानित सदनलाई के विश्वास दिलाउन

चाहन्छु भने माननीय हरिशरण आचार्यले भन्याजस्तै यो गैर व्यवसायिक, निर्वाहमुखि र साना किसानले उत्पादन गरेर बिक्री गरेको जुन कृषि उपज छ त्यो उपजमा कर लगाइने छैन त्यसैले म माननीय हरिशरण आचार्यलाई यो संशोधन फिर्ता गर्नको निम्ति अनुरोध गर्न चाहन्छु । हवस् त धन्यवाद ।

## माननीय सभामुख

अब यो छलफल यहिं समाप्त हुन्छ ।

अब माननीय श्री हरिशरण आचार्यलाई कर तथा गैरकर राजश्व सम्बन्धी बिधेयक, २०७५ माथि नियमावलीको नियम ११४ बमोजिम संशोधन प्रस्ताव फिर्ता लिन चाहनु हुन्छ भने समय दिन्छु ।

## माननीय श्री हरिशरण आचार्य

माननीय सभामुखज्यु, मैले दफा १३ को उपदफा २ मा रहेको कृषि आयमा कर कृषि उपजको प्रारम्भिक रुपमा बिक्री गरेको बखत लगाइनेछ भन्नेमा संशोधन गैरव्यवसायिक, निर्वाहमुखि र साना किसानले उत्पादन गरि बिक्री वितरण गर्ने कृषि उपजमा कर लगाइने छैन भन्ने बिषयवस्तु संशोधनका निमित्त मैले दर्ता गरेको छु र त्यो बिषयवस्तु अहिले पनि हामी ऐन र कानुनको हिसाबले हामीले बुझेका छौं । त्यो लिखित रुपमा आउनुपर्छ लिखित रुपमा सरकारले प्रतिबद्धता सहित त्यसलाई अभिव्यक्त नगरुन्जेलसम्म त्यो आशंकाकै बिषयवस्तुमा रहन्छ । त्यसो भएको कारणले मैले यसलाई संशोधन फिर्ता नलिने कुरा जानकारी गराउँदै यसलाई पुनःदर्ता भइराखेको कुरा जानकारी गराउन चाहन्छु । धन्यवाद । नमस्कार ।

## माननीय सभामुख

माननीय श्री हरिशरण आचार्यले कर तथा गैरकर राजश्व सम्बन्धी बिधेयक, २०७५ माथि आँफुले पेश गर्नुभएको संशोधन प्रस्ताव फिर्ता लिन नचाहनु भएकोले उक्त संशोधन प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस ।

हुन्न भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले माननीय श्री हरिशरण आचार्यले राख्नुभएको उक्त संशोधन प्रस्तावहरु बहुमतले अस्वीकृत भएको घोषणा गर्दछु ।

अब म प्रदेश कर तथा गैरकर राजश्व सम्बन्धी बिधेयक, २०७५ को दफा १ देखि ५५ सम्मका दफाहरु बिधेयकको अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस ।

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले प्रदेश कर तथा गैरकर राजश्व सम्बन्धी बिधेयक, २०७५ को दफा १ देखि ५५ सम्मका दफाहरु र सो सँग सम्बन्धित उपदफाहरु बहुमतले बिधेयकको अंग बनेको घोषणा गर्दछु ।

अब म बिधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

प्रस्तावनाः- प्रदेशको समग्र विकासका लागि राजश्व लगाउने तथा उठाउने सम्बन्धमा कानुनी व्यवस्था गर्न वाञ्छनिय भएकोले यो प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः- (१) यस ऐनको नाम कर तथा गैरकर राजश्व सम्बन्धी ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रदेश नं ४ भर लागु हुनेछ र यस ऐन बमोजिमको कर या राजश्व बुझाउनुपर्ने दायित्व भएको व्यक्ति जहाँसुकै रहे बसेको भएपनि निजको हकमा समेत लागु हुनेछ ।

अब म बिधेयकको प्रस्तावना र नाम कर तथा गैरकर राजश्व सम्बन्धी बिधेयक, २०७५ को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस ।

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले बिधेयकको प्रस्तावना र नाम कर तथा गैरकर राजश्व सम्बन्धी बिधेयक, २०७५ को अंग बनेको घोषणा गर्दछु ।

अब माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई कर तथा गैरकर राजश्व सम्बन्धी बिधेयक, २०७५ लाई पारित गरियोस् भन्ने प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ जेष्ठ २७ गते बसेको सभाको बैठकमा प्रस्तुत भई सभामा सामान्य छलफल समेत भएको प्रदेश कर तथा गैरकर राजश्व लगाउने र उठाउने सम्बन्धमा व्यवस्था गर्न बनेको बिधेयक, २०७५ प्रदेश नं ४, प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु ।

धन्यवाद ।

## माननीय सभामुख

अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस ।

हुन्छ भन्ने पक्षका माननीय सदस्यहरुको बहुमत भएकोले कर तथा गैरकर राजश्व सम्बन्धी बिधेयक,२०७५ बहुमतले पारित भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई प्रदेश वित्त व्यवस्थापन बिधेयक, २०७५ प्रदेश नं ४, प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम १ बमोजिम सभामा दफावार छलफल गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु ।

## माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ जेष्ठ २७ गते बसेको सभाको बैठकमा प्रस्तुत भई सभामा सामान्य छलफल समेत भएको प्रदेश वित्त व्यवस्थापन बिधेयक, २०७५ प्रदेश नं ४, प्रदेश सभा नियमावली, २०७४ को नियम १०८ को उपनियम १ (क) बमोजिम सभामा दफावार छलफल गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्यहरु, अब प्रदेश वित्त व्यवस्थापन बिधेयक, २०७५ लाई सभामा दफावार छलफल गरियोस् भन्ने प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ  प्रदेश वित्त व्यवस्थापन बिधेयक,२०७५ लाई सभामा दफावार छलफल गरियोस् भन्ने प्रस्ताव सर्वसम्मतीले स्वीकृत भएको घोषणा गर्दछु ।

माननीय सदस्यहरु, अब प्रदेश वित्त व्यवस्थापन बिधेयक, २०७५ माथी छलफल प्रारम्भ हुन्छ । छलफलमा बिधेयकका दफाहरु तथा आनुसाङ्गिक अन्य दफाहरुमा मात्र छलफल गर्न सकिने व्यहोरा पनि माननीय सदस्यहरुलाई जानाकारी गराउँछु।उक्त छलफलमा बोल्न चाहनुहुने प्रत्येक माननीय सदस्यहरुलाई ५ मिनेटको समय निर्धारण गरेको छु।छलफलमा भाग लिन चाहनुहुने माननीय सदस्यहरुले सभामुख सँगै ड्यासमा बसेका कर्मचारीहरुलाई आफनो नाम टिपाउनुहुन अनुरोध गर्दछु।

सर्वप्रथम म, माननीय सदस्य श्री धनञ्जय दवाडीलाई छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

## माननीय श्री धनञ्जय दवाडी

सभामुख महोदय, प्रदेश वित्त व्यवस्थापन बिधेयक, २०७५ माथिको छलफल प्रारम्भ भएको छ । यस अघि हामीले राजश्वका बाँडफाँड र करका दायराका कुराहरु गर्‍यौं। प्रदेश सरकारको आफनै कोष नेपाल सरकार र स्थानीय सरकारबाट प्राप्त रकम स्थानीय तहलाई राजश्व बाँडफाँड र अनुदानमा हस्तान्तरण खर्च गर्नका निमित्त यो वित्त व्यवस्थापन गर्न जरुरी हुन्छ, एउटा लोकतान्त्रिक सरकारले विधिसम्मत ढंगले आफना खर्चहरुलाई अनुदानमा दिने त्यस्तो खर्चलाई व्यवस्थापन गर्नका निमित्त विधिको तय गर्नुपर्दछ यसकारणले यो विधि निर्माण भएको छ । यसले स्थानीय तह सँग सामान्यिकरण अनुदान दिने अनुदान र त्यसलाई प्रदान गर्ने, सशर्त अनुदान दिने र त्यस्लाई प्रदान गर्ने प्रक्रिया, समपुरक अनुदान र त्यस्लाई प्रदान गर्ने प्रक्रिया, बिशेष अनुदान र त्यस्लाई प्रदान गर्ने प्रक्रिया सन्दर्भमा व्यवस्थापन गर्न यो ऐन आएको छ। हामी यस्तो क्षेत्रमा छौं यहाँ बिशेष क्षेत्रहरुका विकासका अवधारणाहरु र लगानीहरु गर्नुपर्ने हुन्छ। बिशेष क्षेत्रका कुरा गर्दा मानवशास्त्रीय दृष्टिकोणबाट हेर्दा सबभन्दा उन्नत सबभन्दा बिशेष ध्यान दिनुपर्ने उपल्लो मुस्ताङ जहाँ हामीले बारम्बार धैरै अध्ययन

अनुसन्धानहरु गरेका छौं । मानवशास्त्रीय हिसाबले मानव सभ्यताको विकासको हिसाबले उपल्लो मुस्ताङ र त्यसको दरबार क्षेत्रको अमेरिकी वैज्ञानिकहरुले मानवशास्त्रीहरुले केहि समय अगाडि गरेको अनुसन्धानका आधारमा त्यहाँ लगानी प्रदेशको सरकारका तर्फबाट गर्न जरुरी छ । अल्पसंख्यक जातीहरु माझी छन् बोटे छन् कुमाल छन् चेपाङ छन् दुरा छन् बराम छन् थारु छन् गाइने छन् यि लगायत अरु धेरै अल्पसंख्यक जातीहरुको सघन बसोबासका क्षेत्रलाई विकासको मुल धारमा ल्याउनका निमित्त पनि बिशेष अनुदान दिनुपर्दछ । त्यो बिशेष अनुदानका आधारबाट विकासको मुल धारमा समेट्नु पर्दछ ।विकासको मुल धारमा सँगसँगै हिंडेर नै लोकतन्त्रको सुदृढिकरण, विकास र समृद्धि प्राप्त हुन्छ । समृद्धिको यात्राका निमित्त समृद्धि प्राप्त गर्नका निमित्त हामीले हाम्रो प्रदेशका सबै क्षेत्रहरुको समानुपातिक र सन्तुलित विकासलाई व्यवस्थापन गर्नका निमित्त यस्ता खालका अनुदानको व्यवस्था गर्न जरुरी हुन्छ यसका निमित्त प्रदेशले आफनो वित्त व्यवस्थापन गर्ने बिधेयक निर्माण गर्नु, त्यो ऐनका आधारमा निर्देशित हुनु निर्देशन दिनु करहरु उठाउनु र करहरुको खर्चलाई पारदर्शी ढंगले परिचालन गर्नका निमित्त यस्ता बिधेयकको आवश्यकता भएका कारणले यो प्रदेश वित्त व्यवस्थापन जुन बिधेयक आएको छ यसले यो कामलाई प्रदेश सरकारलाई आफना कामहरुलाई व्यवस्थित गर्न सहयोग गर्नेछ । बजेटलाई कार्यान्वयन गर्न सहयोग गर्नेछ र हामीले हाम्रा लक्ष्यहरुलाई पुरा गर्न सहयोग हुनेछ भन्ने विश्वास राख्दै यो बिधेयक प्रति पूर्ण समर्थन राख्दै विदा हुन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय सदस्य श्री मणिभद्र शर्मालाई छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

## माननीय श्री मणिभद्र शर्मा

सभामुख महोदय, प्रदेशको आफनो वित्त व्यवस्थापन गर्दा आँफुसँग प्राप्त हुने स्रोत साधन र तल्ला निकायहरुलाई पनि दिने कुराहरुसँग यो बिधेयक सम्बन्धित पाएँ मैले। यसमा नियालेर हेर्दाखेरि बुँदा नं ४ को उपदफा नं २ मा नेपाल सरकारबाट प्राप्त साधन स्रोत अनुदान र समानीकरण अनुदान र आफ्नो आम्दानीबाट फेरि तल्लो निकायलाई स्थानीय निकायलाई

अनुदान दिन सकिनेछ भन्ने यसमा व्यवस्था गरिएको रहेछ । केन्द्र सरकारले अहिलेकै बजेटमा संघिय सरकारले अहिलेकै बजेटमा सोझै स्थानीय तहलाई समानीकरण अनुदान दिइसकेको छ र हाम्रो संबिधानको धारा २५१ को उपधारा ख मा त्यो व्यवस्था गरिएको पनि रहेछ । त्यसोहुनाले केन्द्रबाट ल्याएको पैसा फेरि यहाँ यहाँ खातामा राखेर अनि तल किन पठाउनुपर्‍यो । बाँडफाँड गर्नुपर्ने साझा जस्तो सवारी कर लगायतका रकमहरुलाई बाँडफाँड गर्नुपर्ने कुरा ठिक छ त्यसमा पर्सेन्टेज तोकिएको छ त्यो ठिक छ यो चाहिं बडो अन्यौलपूर्ण लाग्यो मलाई यसमा पुनर्विचार होस भन्ने मैले सुझाव र अनुरोध गरें । त्यस्तै बुँदा नं ५ र ६ को बुँदा नं ५ को सशर्त अनुदान र बुँदा नं ६ को दफा नं ३ मा कुनै अन्तर मैले देखिन यो एउटै भएपनि हुन्छ जस्तो मलाई लाग्यो । यसमा हाम्रो अर्थमन्त्रीज्युसँग मैले अनुरोध गरें र यसको यो आर्थिक बर्ष हाम्रो जुन असार मसान्त हुनेगरेको छ यसलाई चैत मसान्त बनाइयोस् भन्ने मैले अनुरोध गर्दछु र कार्यविधि चुस्त दुरुस्त बनाएर हाम्रो अर्थ व्यवस्थापन वित्त व्यवस्थापन ठिक ढंगले जाओस् भन्ने सुझाव राख्दै आफनो भनाई अन्त्य गर्दछु ।

धन्यवाद । जय नेपाल ।

## माननीय सभामुख

अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई छलफलमा उठेका प्रश्नको जवाफ दिन अनुमति दिन्छु ।

## माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ

माननीय सभामुख महोदय, यहाँहरु सबैलाई थाहा छ संबिधानले तिन तहको सरकारको व्यवस्था गरेको छ । संघीय सरकार, प्रदेश सरकार र स्थानीय तहको सरकार र संबिधानले अधिकार सुचिको पनि बाँडफाँड गरेको छ । त्यसभित्र म प्रवेश गर्न चाहन्न र आ-आफना अधिकार क्षेत्र अर्थात सुचि भित्रका कर र राजश्व संकलन गर्न सक्ने त्यसभित्र कानुन बनाएर त्यसलाई कार्यान्वयन गर्नसक्ने अधिकार प्राप्त रहेको यी तिनवटा तहको सरकारको समन्वय सहकार्य र सहकारितामा अगाडि बढ्छ भनेर संबिधानले व्यवस्था गरेको छ र हामीलाई विश्वास छ स्थानीय तहलाई बलियो नबनाइकन मुलुकले समृद्धि प्राप्त गर्न

सक्दैन । मुलुक समृद्ध हुन सक्दैन र हामीले जे जति विकास निर्माणको काम गर्नेछौं त्यो गर्ने प्रारम्भिक आधार भनेकै स्थानीय तह हो। त्यसैले संघीय सरकार र प्रदेश सरकारबाट स्थानीय तहलाई वित्तिय समानीकरण अर्थात अब राजश्व बाँडफाँड गर्ने अनुदान हस्तान्तरण गर्ने व्यवस्था गरेको छ। जसअनुसार हामीले यो प्रदेश सरकारले यो प्रदेश भित्रका स्थानीय तहहरुलाई हामीले यो सवारी साधन करको बाँडफाँड गर्नुपर्ने हुन्छ स्थानीय तहको पनि यो अधिकार क्षेत्रभित्र रहेको हुँदा र हामीले त्यो कर प्रदेश सरकारले उठाउँछ र प्रदेश सरकारले ६० प्रतिशत त्यो राखेर त्यसलाई पहिला त विभाज्य कोषमा राखिन्छ र त्यसपछि ४० प्रतिशत स्थानीय तहलाई दिने व्यवस्था यो गरिएको र त्यसपछि वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान र बिशेष अनुदान र यो अनुदान पनि हामीले स्थानीय तहलाई अब हस्तान्तरण गर्नुपर्ने अनुदान दिनुपर्ने भएको हुँदा यो प्रदेश राजश्व बाँडफाँड तथा अनुदान हस्तान्तरण गर्नका निम्ति भनेर यो बिधेयक प्रस्तुत गरिएको हो। म यसमा छलफलमा भाग लिने माननीय सदस्य ज्युलाई हार्दिक धन्यवाद दिंदै र यसलाई पारित गरियोस् भन्ने प्रस्ताव राख्दै म आफ्ना भनाई यहिं समाप्त पार्छु । हवस् त धन्यवाद ।

## माननीय सभामुख

अब यो छलफल यहिं समाप्त हुन्छ ।

अब म बिधेयकको दफा १ देखि १० सम्म प्रदेश वित्त व्यवस्थापन बिधेयक, २०७५ को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ बिधेयकको दफा १ देखि १० सम्म सर्वसम्मतिले प्रदेश वित्त व्यवस्थापन बिधेयक,२०७५ को अंग बनेको घोषणा गर्दछु ।

अब म बिधेयकको प्रस्तावना र नाम पढेर सुनाउँछु ।

प्रस्तावनाः- प्रदेश सरकारबाट स्थानीय तहलाई राजश्व बाँडफाँड तथा अनुदान हस्तान्तरण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनिय भएकोले प्रदेश सभाले यो ऐन बनाएको छ ।

संक्षिप्त नाम र प्रारम्भः- (१) यस ऐनको नाम प्रदेश वित्त व्यवस्थापन ऐन, २०७५ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

(३) यो ऐन प्रदेश नं ४ भर लागु हुनेछ ।

अब म बिधेयकको प्रस्तावना र नाम प्रदेश वित्त व्यवस्थापन बिधेयक, २०७५ को अंग बनोस् भनि निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोस ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोस ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ बिधेयकको प्रस्तावना र नाम  सर्वसम्मतिले प्रदेश वित्त व्यवस्थापन बिधेयक,२०७५ को अंग बनेको घोषणा गर्दछु ।

अब म माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई प्रदेश वित्त व्यवस्थापन बिधेयक, २०७५ प्रदेश नं ४, प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम बिधेयकलाई पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्न अनुमति दिन्छु।

## माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ

माननीय सभामुख महोदय, सम्मानित सभामा मिति २०७५ जेष्ठ २७ गते बसेको सभाको बैठकमा प्रस्तुत भई सभामा सामान्य छलफल समेत भएको प्रदेश वित्त व्यवस्थापन बिधेयक,

२०७५ प्रदेश नं ४, प्रदेश सभा नियमावली, २०७४ को नियम १२२ बमोजिम पारित गरियोस् भनि प्रस्ताव प्रस्तुत गर्दछु । धन्यवाद ।

## माननीय सभामुख

अब यो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दछु ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला र यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

यो प्रस्तावको पक्षमा हुने माननीय सदस्यहरुले हुन्छ भन्नुहोला ।

यसको विपक्षमा हुने माननीय सदस्यहरुले हुन्न भन्नुहोला ।

हुन्न भन्ने आवाज सुनिएन तसर्थ प्रदेश वित्त व्यवस्थापन बिधेयक, २०७५ बिधेयक सर्वसम्मतिले  पारित भएको घोषणा गर्दछु ।

**माननीय सदस्यहरु, अब यो बैठक २०७५ साल असार १ गते दिनको ४ बजे बस्नको लागि स्थगित हुन्छ ।**